देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

केरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं.

मिति: २०७८/०४/१८

## जग्गा हकदावी सम्बन्धी ७ (सात) दिने सूचना ।

प्रस्तुत विषयमा नापी कार्यालय रुपन्देही अन्तर्गतको १ नं. नापी टोली मधवलियाबाट पुनः नापनक्शा भएको साविक केरवानी नक्शा सिट नं. ६क र ६ख मध्ये हाल देवदह नगरपालिका वडा नं. ९ को सिट नं. ०९९-१२८४-०२, ०९९-१२८४-०३, ०९९-१२८४-१६, ०९९-१२८४-१७, ०९९-१२८४-२१, ०९९-१२८४-२२ र ०९९-१२८४-२३ को नापनक्शा समाप्त भई जग्गाधनी र मोहीको नामावली प्रकाशित भएकोले चित्त नबुझेमा १ नं. नापी टोली, मधवलियामा रहेको कार्यालयमा यस सूचना प्रकाशन भएको मितिको दिनदेखि ७ (सात) दिन भित्र लिखित उजुरी गर्न हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । उक्त अवधीमा उजुरी दर्ता नगरे यसै सूचना साथ संलग्न माथि उल्लेखित जम्मा नक्शा सिट ७ को पाना ३२ मा उल्लेखित विवरणलाई नै ठीक मानी जग्गा दर्ता गरिने व्यहोरा सम्बन्धित वडाका जग्गाधनीहरुलाई जानकारी गराईन्छ । साथै अब उप्रान्त वडा नं. ९ को नयाँ घर नक्सा स्वीकृती तथा अभिलेखिकरण नापी टोलीले वितरण गर्ने नयाँ जग्गाधनी प्रमाण पुर्जालाई आधार मानि गर्ने गराउने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

..........................
रमेश गिरी
शाखा अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय
नापी विभाग
नापी कार्यालय, रुपन्देही
१ नं. नापी टोली, मधवलिया ।

फोन नं. ०७१-५६०३६४

प.स. ०७८/७९

च.न. 3

मिति २०७८/०४/१८

विषयः- ७ (सात) दिने सुचना पठाईएको बारे ।

श्री देवदह नगरपालिकाको कार्यालय
देवदह, रुपन्देही

प्रस्तुत विषयमा नापी कार्यालय रुपन्देही अन्तगतको १ नं. नापी टोली मधवलिया बाट पुनः नापनक्सा भएको केरवानी नक्सा सिट नं. ६क र ६ख मध्ये हाल देवदह न.पा. वडा नं.९ को सिट नं.०९९-१२८४-२३,०९९-१२८४-२२,०९९-१२८४-२१,०९९-१२८४-१६,०९९-१२८४-१७,०९९-१३२४-०२,०९९-१३२४-०३ (जम्मा नक्सा सिट संख्या ७) को नापनक्सा समास गरी प्रकाशित भएको ७(सात) दिने सुचना पाना थान ३२(बत्तिस) यसै पत्र साथ पठाईएको छ। सुचना टाँसको जानकारी तथा सम्बन्धित वडाका जग्गा-धनीहरुलाई जानकारी गराई दिनुहुन अनुरोध गर्दछु ।

मोहन ज्ञवाली
टोली प्रमुख

टोली प्रमुख

बोधार्थः-

श्री जिल्ला प्रशासन कार्यालय रुपन्देहीः-तहाँको सुचना पाटीमा सुचना टाँस गरी सो-को जानकारी गराई दिनु हुन अनुरोध छ।

श्री जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीः- तहाँको सुचना पाटीमा सुचना टाँस गरी सो-को जानकारी गराई दिनु हुन अनुरोध छ।

श्री देवदह नगरपालिका ९ नं. वडा समितिको कार्यालय रुपन्देहीः- तहाँको सुचना पाटीमा सुचना टाँस गरी सो-को जानकारी गराई दिनु हुन अनुरोध छ।

श्री नापी कार्यालय रुपन्देही भैरहवाः- जानकारीको लागि अनुरोध छ।